फोन नं.: ०१-५६७१७१७

नागार्जुन नगरपालिका
नागार्जुन नगरपालिका
ན་གཱར་ཛུན་ ན་གར་པ་ལི་ཀ།
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं

बागमती प्रदेश, नेपाल।

प.सं.:-
च.नं.:-

मिति:२०८२/७/२५
ने.स.११४५, कछलागा ६, मंगलबार

## माटो परिक्षणका लागि नमूना संकलन गर्ने सम्बन्धी सूचना!!!

उपर्युक्त सम्बन्धमा नागार्जुन नगरपालिका कृषि बिकाश शाखाको आ.व. २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम **" माटो परिक्षण तथा कृषि चुन वितरण "** गरिने हुँदा नगरपालिकाका सम्पूर्ण इच्छुक कृषकहरुले सुचना प्रकाशित भएको मितिले १ महिना भित्रमा आफ्नो खेत बारीको माटोको नमुना समेत देहायका ब्यहोरा उल्लेख गरि कृषि शाखामा निवेदन दर्ता गर्नुहुन सम्पूर्ण कृषकहरुमा यो सुचना प्रकाशित गरिन्छ ।
तपशील:

१. कृषकको नाम/थर, ठेगाना, सम्पर्क न.,
२. माटोको नमुना संकलन गरेको मिति,
३. नमुना लिइएको जग्गाको किसिम:-खेत/ बारी/ पाखो/ पानी जम्ने ठाउँ,
४. माटोको नमुना परिमाण: आधा (के.जी),
५. सिंचाई अवस्था,
६. माटोको नमुना प्लास्टिकको झोलामा हावा नछिर्ने गरि पोको पारि ल्याउने ।

पुनश्च:- माटोको नमुना संकलन गर्ने तरिका यसै सुचना साथ संलग्न गरिएको हुँदा सोही बमोजिम माटोको नमुना संकलन गर्नुहुन अनुरोध साथै अन्य सोधपुछका लागि कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।


..................
गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकिय अधिकृत

# माटोको नमूना संकलन गर्ने तरिका

## अन्न तथा तरकारी बालीका लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार पार्ने।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ।

प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो "V" आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने।









सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरुलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पून: ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने । यो क्रम माटोका नमूना करिब १/२ के.जी. नभएसम्म दोहोऱ्याउने । आधा के.जी माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने।







छनोट गरिएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोऱ्याउने।




यसरी तयार गरेको माटोलाई सफ प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने।

### माटोको नमूना परिक्षण गर्न पठाउँदा निम्न अनुसारको विवरण हुनु पर्छ।

१. कृषकको नाम र सम्पर्क नं.:
२. ठेगाना:
३. खेतवारीको नाम वा कित्ता नं.
४. नमुना लिएको मिति:
५. नमुना संकलन गर्नु भन्दा पहिले लगाईएको वाली:
६. नमुना संकलन भएको जमिनमा सिचाई सुविधा रहेका/नरहेको
७. नमुना संकलन भएको जमिनमा पानीको विकास रहेको/नरहेको
८. मलखादको प्रयोग गरिएको मात्रा :
९. नमुना संकलन गरिएको जमिनमा लगाईएका वालीमा देखिएका समस्या :
१०. नमुना संकलन गरिएको जमिन खेत वा वारी :